# **साँस्कृतिक एकीकरणका सन्दर्भमा मानव श्रोतको दिगो उपयोगका लागि *सिगालोवाद सुत्त*को उपादेयता**

मन्जिल सुबेदी र कमल थापा

बौद्ध अध्ययन विभाग, लुम्बिनी बौद्धिस्ट विश्वविद्यालय

## लेखसार

यस अध्ययनमा राष्ट्रिय सांस्कृतिक मूल्य र मान्यताहरूलाई मानव स्रोतको दिगो उपयोग र प्रवर्द्धन गर्न सिगालोवाद सुत्तको सान्दर्भिकतालाई आधार मानिएको छ । अध्ययनले सिगालोवाद सुत्तमा रहेका मानव स्रोत सम्वन्धि विषयको विश्लेषण गरेकोछ, जसले नैतिक सिद्धान्त र यसका राष्ट्रिय जिम्मेवारीमा लागू हुने शिक्षाहरूलाई समेटेको छ । उपर्युक्त बौद्ध शिक्षाहरूलाई राष्ट्रिय साँस्कृतिक अभ्यासहरूसँग समन्वय गर्दा दिगो मानव स्रोत व्यवस्थापनलाई प्रभावकारी रूपमा अगाडी बढाउन सकिन्छ भन्ने कुरामा अनुसन्धाताहरूको दावी रहेको छ । राष्ट्रका सांस्कृतिक अभ्यासहरूले प्रकृतिको सम्मान र संरक्षणमा जोड दिइरहँदा सिगालोवाद सुत्तले प्रदान गरेको खाकासँग समन्वय गर्न सकिने अनुसन्धानकर्ताहरूको अनुमान रहेको छ । यस्तो प्रयासले मानव स्रोतका साथै अरुपनि आवश्यक स्रोतहरूको दिगोपन सुनिश्चित हुनसक्छ । अध्ययनको निष्कर्षमा नेपालको सांस्कृतिक मूल्य-मान्यताहरूका सन्दर्भमा बौद्ध नैतिकता सम्बन्धी सिद्धान्तहरूले स्रोत उपयोगका लागि जिम्मेवार बन्न र मार्गदर्शन सिद्धान्तका रूपमा कसरी काम गर्न सक्छ भनेर देखाइएको छ ।

*शब्द कुञ्जी:*:सिगालोवाद सुत्त, राष्ट्रिय संस्कृति, दिगो स्रोत उपयोग, नेपालको सांस्कृतिक मूल्य-मान्यताहरू, बौद्ध नैतिकता

**साँस्कृतिक एकीकरणका सन्दर्भमा मानव श्रोतको दिगो उपयोगका लागि *सिगालोवाद सुत्त*को उपादेयता**

पालि त्रिपिटक बौद्धहरूको सबैभन्दा पूरानो ग्रन्थ हो । बुद्धले ज्ञान प्राप्तगरेपश्चात् महापरिनिर्वाण गरुञ्जेल पैंतालिस वर्षसम्म अधिक मानिसको हित र सुखको लागि गरेको सम्पूर्ण देशना र शिक्षाहरू यही त्रिपिटकमा सङ्कलन गरिएको छ । त्रिपिटक भित्र तीन ग्रन्थहरू छन्, *सुत्तपिटक, विनयपिटकर अभिधम्मपिटक* । *सुत्तपिटक* अन्तर्गत पाँचओटा निकायहरू छन्, जसमध्ये *दीघनिकाय* पहिलो निकाय हो । यसमा तीन वग्गभित्र चौंतीस लामा-लामा सुत्तहरू समेटिएका छन् । सिगालोवाद सुत्त दीघनिकयको तेस्रो वग्ग 'पाथिक वग्ग' को आठौं सुत्त (सुत्र) हो । 'सिगालोवाद' दुई शब्द मिली बनेको छ, 'सिगाल' र 'ओवाद'; 'सिगाल' शब्द व्यक्तिको नामसँग सम्बन्धित छ भने 'ओवाद' भनेको अर्ति वा उपदेश हो (अमृतानन्द २)। अमृतानन्दका अनुसार उपदेशहरूलाई एकै ठाउँमा एकत्रित गरिराखेकोले (सुत्त) भनिएको हो । उनी अगाडि भन्छन्, "सुत्तको अर्थ धागो हो र धागोको काम अलग-अलग रहेका वस्तुहरूलाई एकैठाउँमा उनिदिनु तथा गाँसेर माला बनाउनु हो" (२)।

बुद्धघोषले यस सूत्तलाई 'गृहस्थहरूको विनय' भनेर परिभाषित गरेका छन् (वीररत्ने ८६)। यो सूत्तले मानव-मानव बीचमा एकअर्काप्रतिको कर्तव्यलाई स्पष्ट रूपमा व्याख्या गरेको छ । बुद्धको उद्देश्य जिम्मेवार नागरिक निर्माण गर्नु हो । यस सुत्तले व्यक्तिगत तथा सामाजिकसम्बन्धहरूको व्यापक रूपमा चर्चा गरेको छ। यो सबैभन्दा विस्तृत निकाय ग्रन्थ हो जुन प्रत्यक्ष रूपमा वर्तमान जीवनमै देखिने सुखहरूसँग सम्बन्धित छ ( बोधि ४७२)। परिवार, समाज र राष्ट्रमा भएका हरेकले बुद्धको यस शिक्षाको मनन् गरी आफुमा रुपान्तरण ल्याउन सक्छ । यसो गर्दा स्वतः दक्ष जनशक्तिको सृजना हुनु स्वाभाविक हो भने संस्कृतिको रुपमा विकास हुँदा, राष्ट्रमा चौतर्फी दिगो विकासका बाटाहरू खोलिन्छन् । वास्तवमा एक मानवले अर्को मानवसँग गर्नुपर्ने हरेक जिम्मेवारीलाई यस सुत्तमा समेटिएको छ ।

सिगालोवाद सुत्त तत्कालीन मगध देशको राजधानी राजगगृहमा एकजना अत्यन्त धनी तथा श्रद्धावान् उपासकका पुत्र सिगालकलाई स्वयं बुद्धले दिएको शिक्षा हो । आफूले मान्दै आएको संस्कृति छोराले आगाडि बढाओस् भन्ने आज्ञामान्न तयार नदेखिएका सिगालक आफ्ना पिताको अन्तिम इच्छा पालाना गर्न तयार भएपश्चात् घटेको घटनामा आधारित देशना हो यो । यस सुत्तमा साकारात्मक ज्ञान र अर्थपूर्ण संस्कृति मात्रै उत्तम र दिगो हुन्छ भन्ने सन्दर्भमा मानवीय सम्बन्धको हरेक आयामलाई बुद्धद्वारा देशना गरिएको छ ।

संस्कृति भन्नाले परिवार वा समाजमा व्याप्त सकारात्मक ढाँचालाई बुझाउँछ, जसको माध्यमबाट मानवीय गतिविधिहरू संचालित हुन्छन् । संस्कृतिले मानव र मानवीयतासँग सम्बन्धित प्रायः हरेक क्षेत्रलाई समेटेको हुन्छ । रेवेक्का चांगका अनुसार, “संस्कृति एक गतिशील र बहु-आयामिक संरचना हो जसमा भाषा, मूल्य-मान्यता, अनुशासन, व्यवहार आदि समावेस छन्, जसलाई सामाजिक सन्दर्भहरूमा निरन्तर रुपमा समायोजन र रुपान्तरण गरिन्छ” (१०५)। संस्कृति एक बहु-आयामिक तथा गतिशील पद्दति भएकोलेपरिवार र समाजमा दिगो मानवीय हित, सुख, शान्ति र सम्वृद्धिका निम्ति संस्कृतिहरूको सृजना गरिएको हुन्छ । संस्कृतिले मानव र मानवतासँग सम्बन्धित धेरै भन्दा धेरै क्षेत्रहरूलाई समेटेको हुन्छ । *ब्रिटानिका रिफरेन्स इनसाइक्लोपेडिया*मा उल्लेख भए अनुसार,

> संस्कृति भनेको मानव ज्ञान, विश्वास र व्यवहारको एकीकृत ढाँचा हो जुन सिक्ने र आगामी पुस्तामा ज्ञान स्थानान्तरण गर्ने क्षमताको परिणाम मात्र नभई, त्यस क्षमताको अभिन्न अंश पनि हो। यसर्थ, संस्कृतिले भाषा, विचार, विश्वास, रीतिरिवाज, नियम, संस्था, उपकरण, प्रविधि, कलाकृति, अनुष्ठान, समारोह, प्रतीक आदि क्षेत्रहरू समावेश गर्दछ ... एक व्यक्तिको दृष्टिकोण, मूल्य, आदर्श र विश्वास जस्ता कुराहरू ऊ बस्ने संस्कृतिबाट अत्यधिक रुपमा प्रभावित हुन्छन्। (१८०)

संस्कृतिले मानिसलाई प्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । मानिसको व्यक्तित्व विकासमा पनि संस्कृतिको ठूलो भूमिका हुन्छ । मानव जीवनको ठूलो क्षेत्र संस्कृतिले समेटेको हुँदा पनि यसको महत्व झनै

बढ्न जान्छ । संस्कृति कहिलेकाहीं समयसापेक्ष नहुँदा वा परिमार्जित नगरिँदा यसको परिणाम गलत देखिन पनि सक्छ । तसर्थ, आवश्यकताअनुरुप यसमा सुधार आउनु आवश्यक छ, जसले गर्दा यो जीवन्त बनिरहन्छ । *मेरियम वेब्स्टर कलेजियट डिक्स्नरीका* अनुसार, संस्कृति भन्नाले विशेष रूपमा शिक्षा द्वारा बौद्धिक र नैतिक क्षमताहरूको विकास गर्ने क्रियाकलापलाई जनाउँछ। यो मानव ज्ञान, विश्वास र व्यवहारको एकीकृत ढाँचा हो जुन मानिसको ज्ञान सिक्ने र आउने  पिढीहरूमा ज्ञान प्रसारणको क्षमतामा निर्भर हुन्छ (२८२)। यसले भविष्यका आउने पिढीहरूलाई मार्गनिर्देशन गर्न यसको दिगो गुणस्तरमा स्पष्ट रूपमा ध्यान केन्द्रित गरेको हुन्छ। संस्कृति मानव जीवनमा घुलिएर एक अभिन्न अंगको रुपमा रहेको हुन्छ । यस अर्थमा मानव जीवनलाई संस्कृतिबाट पर राख्न खोज्नु वा अलग गर्नु नितान्त गाह्रो हुन्छ । महामानव बुद्धले पनि संस्कृतिहरूको सम्मान र पालना गर्नुपर्ने अभिव्यक्ति दिएका छन् ।

दिगो विकास एउटा गतिशील शब्द हो जसले समाजमा स्थायी प्रगतिको अवधारणालाई समेटेको छ । यो विभिन्न क्षेत्रहरूमा मानिसहरूद्वारा गरिएका कार्यहरूको परिणाम हो। यसको दिशा प्रगतिपथ तर्फ निर्धारित हुन्छ। 'दिगो' शब्दको अर्थ लामो समयसम्म कायम राख्न सक्षम हुनु वा कुनै स्रोतलाई यसरी सङ्कलन गर्ने वा प्रयोग गर्ने विधि ल्याउनु हो कि स्रोत नष्ट नहोस् वा स्थायी रूपमा क्षति नहोस् (११८४)। बुद्धका शिक्षा कुशल मानव संस्कृति निर्माण गर्ने विधिहरू हुन् । त्यसैगरी, 'विकास' भनेको विकास गर्ने क्रिया, प्रक्रिया वा यसको परिणाम हो (३१६)। दिगो विकासको अवधारणा 'कसैलाई पनि पछाडि नछोड्ने' सिद्धान्तसँग सम्बन्धित छ ( बादल ३३)। यसमा थप भनिएको छ कि संयुक्त राष्ट्रसंघले निर्दिष्ट गरेका दिगो विकासका लक्ष्यहरू निम्न सत्रवटा छन्, जो दिगो विकासका ५Ps को श्रेणीमा पर्छन्। यी ५Ps निम्न रहेका छन् : People(मानिस), Planate(ग्रह), Prosperity(सम्पन्नता), Peace(शान्ति) रPartnership(साझेदारी) (३३)।

## समस्या कथन

व्यक्तिबाट परिवार, परिवारबाट समाज र समाजहरू मिलेर राष्ट्रको निर्माण हुन्छ । सम्प्रभूसम्पन्न राष्ट्रका निम्ति राष्ट्रको स्वतन्त्र अस्तित्वको आवश्यकता हुन्छ । राष्ट्र सम्पन्न हुनका लागि विकासका पूर्वाधारहरू अत्यावश्यक छन् । राष्ट्र विकासका कारण प्राप्त उपलब्धि र त्यसबाट सिर्जितगतिविधिहरूको उपभोग मानव स्वयंले गर्दछ । दक्ष जनशक्ति कुनै पनि समाज र राष्ट्रको सबैभन्दा महत्वपूर्ण पूर्वाधार हो । सिगालोवाद सुत्तमा व्यक्तिगत, पारिवारिक एवम् सामाजिक विषयवस्तुहरूलाई समेटेर धेरै अध्ययन-अनुसन्धान भएको पाइएका छन् । तर अनुशन्धानकर्ताको जानकारी अनुसार यस सुत्तभित्र रहेका समाज र राष्ट्र निर्माणमा मानव स्रोत र सांस्कृतिक मूल्यहरूको महत्वलाई विषयवस्तु बनाएर अध्ययन गरिएको भेटिएको छैन । यसै विषयलाई आधार बनाएर पूर्व साहित्यमा नसमेटिएका विषयवस्तुहरूलाई पूरा गर्ने हेतुले निम्न सोध प्रश्नहरू तयार परिएका छन्:

क. मानवश्रोतको दिगोव्यवस्थापनका सन्दर्भमा सांस्कृतिक मूल्यहरूको एकीकरणमा सिगालोवाद सुत्तको के कस्तो भूमिका छ ?

ख. सांस्कृतिक मूल्यहरूको सन्दर्भमा मानवश्रोतको दिगो विकासमा सुधार गर्नका लागि सिगालोवाद सुत्तकिन प्रासङ्गिक छ ?

ग. मानवश्रोतको दिगो अभ्यासलाई प्रवर्धन गर्न सिगालोवाद सुत्तले कसरी योगदान पुरयाउन सक्छ?

## सोधको उद्देश्य

क. मानश्रोतको दिगो विकास तथा साँस्कृतिक मूल्यहरूलाई एकिकृत गर्नेप्रक्रियामा सिगालोवाद सुत्तको भूमिकाको अनुसन्धान गर्न ।

ख. साँस्कृतिक मूल्यहरूको संरचनाभित्र मावनश्रोतको दिगो विकासलाई प्रवर्धन गर्न सिगलोवाद

सुत्तको सान्दर्भिकता अनुसन्धान गर्न ।

ग. मानवश्रोतको दिगोविकासको अभ्यासलाई प्रवर्धन गर्न सिगलोवाद सुत्तकानीतिहरू पहिचान गर्न ।

## अनुसन्धान विधि

राष्ट्र परिवारको सबैभन्दा ठूलो इकाई हो । सिगालोवाद सुत्तले पारिवारिक र सामाजिक समुन्नतिका लागि सक्षम र सजग मानव श्रोतका साथै उचित साँस्कृतिक पक्षको वकालत गरिरहँदा राष्ट्रको परिपेक्षमा यस अवधारणाको अध्ययन हुनसकेको देखिदैन । तसर्थ, बुद्धको शिक्षा मार्फत् राष्ट्रमा मानवश्रोतको दिगो व्यवस्थापनलाई तयार पार्दै, साँस्कृतिक मूल्य-मान्यातालाई समेटिएको हुँदा सिगलोवाद सुत्तको शैक्षिक अध्ययन हुन आवश्यक देखिन्छ । यो अनुसन्धानको अध्ययन क्षेत्र सिगालोवाद सुत्त रहेकोले यसभित्र समेटिएका तर अहिलेसम्म अध्ययन नभएका विषयवस्तुको अध्ययन गर्न गुणात्मक विधिको प्रयोग गरिएको छ । यस अनुसन्धानका निम्ति विभिन्न बौद्ध ग्रन्थ, जोर्नल, सोधपत्र तथा प्रकाशित पुस्तकहरूको प्रयोग गरिएको छ । मानव श्रोतको दिगो उपयोगका लागि साँस्कृतिक एकीकरणलाई विश्लेषण गर्न सैद्धान्तिक आधारको रुपमा महामानव बुद्धले दिएकामौलिक शिक्षा तथा सिगलोवाद सुत्तको प्रयोग गरिएको छ ।

**अनुसन्धानको सीमा**

यो अध्ययन राष्ट्रभित्र देखापरेका मानवश्रोतसम्बन्धि समस्याहरूको शूक्ष्मअध्ययन होइन । मानवश्रोतको दिगो विकास र साँस्कृतिक मूल्य-मान्यातालाई देशको विकासमा कसरी समेट्न सकिन्छ भन्ने बारे सिगलोवाद सुत्तको सान्दर्भिकतालाई हेर्नु मात्र हो । यस अध्ययन मार्फत्संस्कृतिको सदुपयोग गरी दिगो मानवश्रोत तयार पार्न बुद्धले सिगालक नाम गरेका एक यूवालाई दिएको देशानाहरूलाई शिक्षाको क्षेत्रमार्फत्शैक्षिक क्षेत्रमा उजागर गर्ने प्रयास गरिएको छ ।

## पूर्वसाहित्य समीक्षा

बौद्ध शिक्षा गतिशील र बहुआयामिक शिक्षा हो। फरक-फरक समयमा यसका शिक्षाहरू सान्दर्भिक देखिँदै आएका छन्, जसले गर्दा मानव जीवनमा बौद्ध शिक्षाको महत्व निरन्तर बढ्दै गएको छ। सिगालोवाद सुत्त पारिवारिक तथा सामाजिक जीवनलाई दिगो रूपमा शान्त, सम्पन्न र समुन्नत बनाउन सांस्कृतिक पक्षलाई आधार बनाएर प्रदान गरिएको महामानव बुद्धको शिक्षा हो। यस सुत्तका विभिन्न विषयवस्तुहरूलाई लिएर केही अध्ययन तथा अनुसन्धान भएका पाइए पनि, अनुसन्धानकर्ताहरूको विषयवस्तुसँग ठ्याक्कै मेल खाने कुनै अध्ययन नभएकाले यो अनुसन्धान महत्वपूर्ण छ।

'The Sigalovada Sutta for Effective Governance' मा अध्ययनकर्तासानु कुमार श्रेष्ठले शासन सञ्चालनमा सिगालोवाद सुत्तको सान्दर्भिकतालाई जाँच्ने क्रममा शासन प्रणालीको संक्षिप्त व्याख्या गरेका छन्। बुद्धले सिगालोवाद सुत्तमा दिएका शिक्षाहरू समाजमा कसरी सान्दर्भिक छन् भन्ने तथ्यलाई उनले बुद्धका मौलिक सिद्धान्तसँग जोडेका छन् । श्रेष्ठको निष्कर्ष अनुसार, दिगो दक्ष जनशक्तिको अभाव र स्थापित जनशक्तिमा व्याप्त विभिन्न प्रकारका अकुशल कर्महरू नै समाजका प्रमुख समस्याहरूको जड हुन्भन्ने कुरा दर्शाइएको छ । उनको विश्लेषणमा शासनसत्ता चलाउने मानव स्रोत स्वस्थ, नीतिवान, सजग, दानशील हुनुपर्छ र कर्मको सिद्धान्तमा दृढ विश्वास राख्नुपर्छ।

प्रस्तुत अध्ययनमा सिगालोवाद सुत्तमा बुद्धले सिगालकलाई दिएको शिक्षाहरूका आधारमा उन्नत समाजको लागि मानवश्रोतको दिगो उत्पादन कसरी गर्न सकिन्छ भन्ने विषयमा खोज गरिएको छ। राष्ट्रमा शान्ति कायम गर्दै यसलाई समुन्नत बनाउन राष्ट्रको सबैभन्दा सानो इकाई अर्थात् परिवार हुँदै सामाजिक तहबाट कर्तव्यबोध गराउँदै सक्षम जनशक्ति उत्पादन गर्नसके, तिनै जनशक्तिले राम्रो संस्कृतिको निर्माण गर्न सक्छन् भन्ने यस अनुसन्धानको प्रस्थान बिन्दु रहेको छ।

डा. शारदा पौड्यालद्वारा लिखित अनुसन्धानात्मक लेख 'Sigalovada Sutta: Buddha's Teachings for an Ideal Society' मा सभ्य समाज निर्माणमा सिगालोवाद सुत्त कसरी सहयोगी सिद्ध हुनसक्दछ भन्ने विषयलाई स्पष्ट पार्न खोजिएको छ। अनुसन्धानकर्ताको निष्कर्ष अनुसार, बुद्धका शिक्षाहरू तत्कालीन समाजमाजस्तै वर्तमान समयमा पनि उत्तिकै सान्दर्भिक छन् (५२)। अनुसन्धानको क्रममा विभिन्न लेखक, अध्ययनकर्ता र विचारकहरूको अनुसन्धान तथा सन्दर्भहरूलाई जोडेर, लेखकद्वारा समय-सापेक्ष रुपान्तरणका लागि बुद्धका शिक्षाहरू वर्तमान समयमा अझै प्रभावकारी रहेको देखाउन खोजिएको छ। सिगालोवाद सुत्तमा रहेका मूल्यहरूलाईसमाजमा स्थापना गर्नसकेयसले स्पष्ट रूपमा शान्ति कायम गर्नसक्नेछ, जसले अन्ततः सफल सामाजिक जीवनको विकासमा योगदान दिनेछ (५२)।यस लेखमा बुद्ध शिक्षाको सामाजिक सान्दर्भिकता प्रस्तुत गरिए तापनि, मानव संसाधनको दिगो प्रयोग तथा सामाजिक शिक्षाको परिपूर्णताले संस्कृतिको निर्माण कसरी हुनसक्छ र त्यसले समाज हुँदै राष्ट्रलाई कसरी प्रभाव पार्न सक्छ भन्ने विषयवस्तु समेटिएको देखिदैन। तसर्थ, वर्तमान अनुसन्धान यिनै सन्दर्भहरूलाई जोडेर राष्ट्रमा मानव स्रोतको दिगो विकास गर्नकानिम्ति सांस्कृतिक दृष्टिकोणलाई कसरी जोड दिन सकिन्छ भन्ने विषयमा केन्द्रित छ।

लुम्बिनी बौद्ध विश्वविद्यालय अन्तर्गत सेन्ट्रल क्याम्पसका स्नातकोत्तर तहका सोधार्थी कमल थापाले वि. सं. २०७६ मा सम्पन्न गरेको शोधपत्रको शीर्षक “सिगालोवाद सुत्तः ६ दिशा नमस्कारको सामाजिक महत्वको अध्ययन”शीर्षकको शोधपत्रमा अध्ययन क्षेत्र नै सिगालोवाद सुत्त भएकाले उक्त अध्ययनमा सुत्तको विषयमा विस्तृत चर्चा पाइन्छ। बुद्धद्वारा विविध देशना तथा ६ दिशा नमस्कारको आजको सन्दर्भमा सामाजिक महत्वलाई अध्ययनको उद्देश्य बनाइएको शोधपत्रमा, दिशा नमस्कारको प्रतीकात्मक पक्षलाई समेटिएको छ। तर, सनातन सांस्कृतिक महत्वलाई बुद्धले पुनः व्याख्या गरेको सन्दर्भलाई भने जोडिएको देखिँदैन। पूर्वसाहित्य समीक्षामा पनि बिभिन्न शीर्षकहरू अन्तर्गत सान्दर्भिक लेख तथा कृतिहरू समावेश गरिएको छ। यद्यपि, सोधार्थीले बुद्धका ती शिक्षा तथा देशनाहरू आजको सामाजिक परिप्रेक्ष्यमा कत्तिको सान्दर्भिक छन् भन्ने

प्रश्नको उत्तर खोज्ने क्रममा गरेको अनुसन्धान शोधपत्रको सबैभन्दा महत्वपूर्ण र बलियो आधार हो। शोधमा सोधार्थीले २०० वटा दैनिक पत्रिका र ३२ वटा साप्ताहिक पत्रिकामा प्रकाशित घटनासँग सम्बन्धित सामाजिक समस्याहरूलाई आधार बनाएका छन्। प्रस्तुत सोधपत्र यस अनुसन्धानको लागि निकै सहायक देखिएकोले अध्ययनमा समेटिएको छ।

An Analytical Study of Buddhist Social Roles of Citizens Based on Sigalovada Suttaशीर्षकको अनुसन्धानमा अध्ययनकर्ताले नैतिक अनुशासन र सामाजिक सद्भाव कायम गर्न सिगालोवाद सुत्तका भूमिकाको महत्त्वलाई पुनः उजागर गरेका छन्। व्यक्तिगत तथा सामाजिक जिम्मेवारीको अभ्यासले विश्वमा सौहार्दपूर्ण वातावरणको सिर्जना गर्छ। यस अध्ययनले सिगालोवाद सुत्तभित्रका नैतिक शिक्षालाई उजागर गर्दै व्यक्तिहरूलाई शान्तिपूर्ण सहअस्तित्व र सफल समाजतर्फ मार्गदर्शन गर्ने विषयमा केन्द्रित छ। यस सुत्तभित्रका शिक्षाहरूको पालनाले केवल व्यक्तिगत नैतिक बललाई मात्र वृद्धि गर्ने होइन, समुदायहरूको समग्र कल्याणमा पनि योगदान पुर्‍याउँछ। सिगालोवाद सुत्तमा उल्लिखित छ वटा दिशाहरूको चर्चा गर्दै, अनुसन्धानकर्ताले समाजका मान्यताहरू र जिम्मेवारीहरूको निर्माणमा बौद्ध नैतिकताको भूमिकालाई जोड दिएका छन्।यस अध्ययनले बौद्ध शिक्षामा सामाजिक भूमिकाको नैतिक आयामलाई व्यापक रूपमा समेटेको भए तापनि, यी भूमिकाहरूलाई राष्ट्रको सांस्कृतिक अखण्डता र दिगो मानव संसाधन उपयोगसँग कसरी जोड्न सकिन्छ भन्ने विषयमा भने विस्तृत चर्चा गरिएको देखिँदैन।

वर्तमान अनुसन्धान सिगालोवाद सुत्तको नैतिक संरचनालाई राष्ट्रिय संस्कृतिसँग एकीकृत गरी मानवश्रोतको दिगो व्यवस्थापन प्रवर्द्धन गर्ने प्रयास हो। यस अध्ययनले व्यक्तिगत नैतिकता र सामाजिक सद्भावभन्दा पनि माथि उठेर, यी शिक्षाहरूलाई सांस्कृतिक स्तरमा संस्थागत गर्ने उपायहरूको अध्ययन गर्दछ ताकि भ्रष्टाचार, बेइमानी र स्रोतहरूको दुरुपायोगजस्ता समकालीन सामाजिक चुनौतीहरूलाई सम्बोधन गर्न सकियोस्। दिगो मानव संसाधन उपयोगमा सांस्कृतिक भूमिकालाई प्राथमिकता दिँदै यो अनुसन्धानले प्राचीन

ज्ञानलाई आधुनिक शासन प्रणाली र सामाजिक संरचनामा कसरी प्रभावकारी रूपमा लागू गर्न सकिन्छ भन्ने विषयमा अध्ययन गरेको छ।

**बुद्धको दृष्टिकोणमा सांस्कृतिक एकीकरणको महत्व**

बुद्ध शिक्षाको मुख्य विशेषता भनेको बहुजनको हित र सुखका निम्ति स्वयंलाई समाजमा स्थापित गर्नु हो । यसो गर्नुको कारण उत्तम मानव संस्कृतिको सिर्जना हुनु हो। सिगालोवाद सुत्त भन्छ, “संस्कृति अर्थपूर्ण हुनुपर्छ र सजग भई यसको वहन गर्नुपर्छ” (वज्राचार्य ४८४)। अतः कुनै पनि कुराको अर्थ नबुझी त्यसको पछाडि लाग्दा जीवनमा महत्वपूर्ण उपलब्धि हासिल हुँदैन। अर्थपूर्ण संस्कृतिको उचित व्यवस्थापनले परिवार, समाज र अन्ततोगत्वा राष्ट्रमा सकारात्मक प्रणालीको विकास हुनेमा बुद्ध शिक्षाले स्पष्ट मार्गनिर्देशन गर्दछ। यदि संस्कृति गलत छ भने, त्यो जतिसुकै परिष्कृत भए पनि त्यसमा परिवर्तन वा रूपान्तरण आवश्यक छ भन्ने बुद्धको मान्यता हो। *अङ्गुत्तर निकाय,* खण्ड १ अन्तर्गत कालाम सुत्तमा उल्लिखित बुद्धको विचार यस सन्दर्भमा अत्यन्तै सान्दर्भिक देखिन्छः

> तिमीले सुनेका छौ भन्दैमा कुनै कुरामा विश्वास नगर। धेरै पुस्तादेखि हस्तान्तरण हुँदै आएको छ भन्दैमा परम्पराहरूमा विश्वास नगर। धेरैले भनेका वा हल्ला फैलाएका छन् भन्दैमा कुनै कुरामा विश्वास नगर। तिम्रो धार्मिक ग्रन्थमा लेखिएको छ भन्दैमा कुनै कुरामा विश्वास नगर। आफ्ना गुरुहरू तथा ज्येष्ठहरूले आधिकारिकता प्रदान गरेकै आधारमा मात्र कुनै कुरामा विश्वास नगर। तर जब अवलोकन र विश्लेषणपछि कुनै कुरा तर्कसंगत देखिन्छ र सबैको हित तथा कल्याणको लागि उपयोगी हुन्छ भने त्यसलाई स्वीकार गर र त्यसअनुसार जीवन अगाडि बढाऊ। (कौसल्यायन १६)

बुद्धको यो विचारधारा प्रजातान्त्रिक व्यवस्थाको लागि अभिव्यक्तिको पराकाष्ठा हो। यो दृष्टिकोण लोकतान्त्रिक सिद्धान्तसँग मेल खान्छ जहाँ व्यक्तिहरूले आफ्नो विचार र विश्वासलाई स्वतन्त्र रूपमा प्रयोग गर्न पाउँछन्। यसले निर्णय प्रकृयामा सामूहिक सहभागीतालाई जोड दिन्छ । मानिसले साँचो ज्ञान र उचित

तर्कको आधारमा निर्णय गरेमा समाजमा सकारात्मक परिवर्तन आउन सक्छ भन्ने बुद्धको विश्वास रहेको छ। भ्रामक जानकारी र परम्परागत विश्वासहरूले भरिएको आजको युगमा बुद्धको यो सन्देश अत्यन्तै प्रासाङ्गिक देखिन्छ। यसले मानिसहरूलाई सोच्न र न्यायसंगत निर्णय गर्न प्रेरित गर्दछ।

गृहपुत्र सिगालकले इच्छा नहुँदानहुँदै, पिताको अन्तिम आज्ञाको पालना गर्दै, 'छ दिशा नमस्कार' को संस्कृतिलाई अर्थ नबुझी गलत तरिकाले पालन गर्दै आएका थिए। बुद्धसँगको उनको वार्तालापपछि, संस्कृतिको वास्तविक अर्थ बुझेपछि, संस्कारित हुने सही प्रक्रियामा दीक्षित भएपछि बुद्धप्रति अनुग्रहित भई, शरणमा जान्छन् (वज्राचार्य ४९७)। अथर्ववेदमा उल्लेख भए अनुसार, हजारौं वर्षदेखि चल्दै आएको सनातन धर्मावलम्बीहरूले गर्ने 'छ दिशा नमस्कार' संस्कृतिलाई बुद्धले पुनः व्याख्या गरेर यस संस्कृतिको अर्थ र गर्नुपर्ने प्रक्रियाको पनि स्पष्टीकरण दिएका छन् (वीररत्ने ८७)। संस्कृति कुन समुदायको हो भन्ने कुरा बुद्धका लागि महत्वपूर्ण नभएर त्यसभित्रको वास्तविक अर्थ र त्यसलाई गर्ने सही प्रक्रिया नै प्रमुख विषय हुन्। बुद्ध स्वयं कुनै नयाँ धर्म स्थापना गर्ने उद्देश्यले अघि बढेका थिएनन्। उनी तत्कालीन समाजमा व्याप्त कुरीति र कुसंस्कारहरूलाई निर्मूल पार्दै बहुजनलाई मार्गदर्शन गर्ने एक महान् पथप्रदर्शक थिए। यसरी, बाबुको अन्तिम इच्छाको रुपमा सनातन संस्कृतिको पालना गर्दै आएका सिगालकलाई बुद्धले त्यस संस्कृतिभित्रको वास्तविक महत्वलाई पुनः व्याख्या गरी संस्कृतिको सम्मान गरेका छन्।

राज्य विभिन्न परिवार, समाज र समुदायहरूको एकीकृत संरचना भएकाले सबैका आ-आफ्नै संस्कृति र परम्परा हुनु स्वाभाविक हो, जहाँ मान्छे हुन्छ त्यहाँ कमि-कमजोरी तथा गल्ति देखिनु स्वाभाविक हो । कसैले कसैको संस्कृतिको खिल्ली उडाउनुभन्दा, त्यसलाई सम्मान गर्दै समस्त प्राणीहरूको कल्याणका निम्ति आवश्यक परिवर्तन ल्याउन सक्नु नै उचित हुन्छ भन्ने बुद्धको धारणा रहेको छ। मानव जाति नै समस्त संस्कृतिहरूको केन्द्रबिन्दु भएकाले, संस्कृतिभित्र सही अर्थ खोज्नु, सजग भई त्यसको पालन गर्नु र त्यसलाई समयसापेक्ष रूपमा परिमार्जन गर्दै लैजानु मानव सभ्यताको एक महत्वपूर्ण पक्ष हो। समयानुकूल र अर्थपूर्ण

संस्कृतिको निर्माणले स्वयं मानव समुदायलाई नै लाभ पुर्याउँछ। सर्वोदय श्रमदान अभियानका संस्थापक A. T. आर्यरत्नेका विचारमा, "सबैभन्दा पहिले वातावरणको निर्माण गर्नुपर्छ, अनि त्यही वातावरणले हामीलाई मार्दर्शन गर्छ" (नेउपाने, लेक्चर) । आर्यरत्नेको विचारको मूल सन्देश यही हो कि राम्रो संस्कृतिको निर्माण तथा प्रवर्द्धनले हामीलाई उचित मार्गमा निर्देशित गरी शान्ति तथा सम्मानपूर्वक जीवनयापन गर्न प्रेरित गर्छ।

**मानव स्रोत निर्माणमा सिगलोवाद सुत्तको सान्दर्भिकता**

मानिसहरूमा भएको फरक शैली, व्यवहार, सोंच, चरित्र, दायित्व तथा कर्तव्यकै कारण हरेक ठाउँमा एकताको कमी हुन्छ जसको कारणले समाजमा द्वन्द्व सृजना हुन जान्छ । बौद्ध शिक्षा अनुसार वास्तविकताको गहिराइमा गएर प्रकट गरिने शैली, व्यवहार, सोंच, चरित्र, दायित्व तथा कर्तव्यले मात्रै समाजमा शान्ति र समृद्धि कायम गर्दछ (के. सी. ४५)। बुद्धको शिक्षा पूर्ण रूपमा नैतिकतामा आधारित भएको हुँदा बौद्ध दर्शनको अन्तिम लक्ष्य निर्वाण मानिन्छ । निर्वाणसम्म पुग्ने मुख्य मार्ग आर्य अष्टाङ्गिक मार्ग हो जसमा प्रज्ञा, शील र समाधि समावेश छन् (अनुशन्धान केन्द्र १८) । प्रज्ञाको बलियो आधार समाधि हो, भने समाधिको बलियो आधार शील हो। शील नै नैतिकता हो, जसले मानव व्यवहारलाई संयमित र अनुशासित बनाउँछ। यस दृष्टिकोणले नैतिक आचरणलाई सम्पूर्ण बौद्ध शिक्षाको आधार मान्न सकिन्छ। नैतिकताको सामान्य अर्थ अनुशासन हो। अनुशासनको मुख्य सार यस भनाइमा प्रतिबिम्बित हुन्छ, "तिमी अरूसँग त्यस्तै व्यवहार गर, जस्तो अरूले तिमीसँग गरून् भन्ने तिमी चाहन्छौ" (नितीश भारद्वाज)। अर्थात्सबैले आ-आफ्नो कर्तव्य पूरा गर्नुपर्छ। आफ्नो अधिकारको सदुपयोग गर्दा अरूको अधिकार हनन् हुनु हुँदैन। व्यक्तिले अरूसँग गर्ने व्यवहार र अरूले आफूसँग गर्ने व्यवहारबीच समानता राख्नु नै वास्तविक नैतिकता हो।

बौद्ध शिक्षामा शीललाई तीन भागमा वर्गीकृत गरिएको छ–सम्यक वचन, सम्यक कर्मान्त र सम्यक आजीविका (दयानिधि ९७)। बौद्ध शील अनुशासित मानव समाज निर्माणका लागि अत्यन्त महत्वपूर्ण आधार हो। शीलको पालनाले नै अनुशासित मानव स्रोतको निर्माण गर्नसक्छ जसले समाज र राष्ट्रलाई सही मार्गमा

डोऱ्याउन सक्षम बनाउँछ। शीलवान मानवश्रोत नै समाज र राष्ट्रलाई उत्तम मार्गतर्फ अग्रसर गराउन सक्षम हुन्छ। अर्थात्, अनुशासित मानव स्रोत नै समग्र विकासको मूल आधार हो। शीलको पालनाले नैतिक अनुशासनको स्थापना मात्र होइन, राष्ट्रको संविधानको पालना पनि सुनिश्चित गर्छ।

सम्यक वचन भनेको चार प्रकारका अशुद्ध वचन त्याग गरी वचनलाई शुद्ध पार्नु हो–झुठो नबोल्नु, कडा वचन नबोल्नु, अनावश्यक कुरा नगर्नु र चुगली नगर्नु (शाक्य ५९) । यसैगरी, सम्यक कर्मान्तमा शरीर, वचन र मनद्वारा गरिने दश कुशल कर्म समाविष्ट छन्– शरीरद्वारा गरिने तीनः हत्या नगर्नु, चोरी नगर्नु र कुशील व्यवहार नगर्नु (दयानिधि ९९)। वचनद्वारा गरिने चारः झुठो नबोल्नु, कठोर वचन नबोल्नु, अनावश्यक कुरा नगर्नु र चुगली नगर्नु (घिमिरे १२)। यसै गरेर, मनद्वारा गरिने तीनः लोभ नगर्नु, द्वेष नराख्नु र मिथ्या दृष्टि नराख्नु (दयानिधि १००)। सम्यक आजीविका अन्तर्गत गृहस्थले आफ्नो आजीविका सञ्चालन गर्दा निम्न पाँच प्रकारका व्यापारबाट टाढा रहनुपर्ने बुद्धले शिक्षा दिएका छन्–विषको व्यापार नगर्ने, हातहतियारको व्यापार नगर्ने, प्राणीको व्यापार नगर्ने, मादक पदार्थको व्यापार नगर्ने र मासुको व्यापार नगर्ने (१०१)।

यसरी, सम्यक वचन,सम्यक कर्मान्त र सम्यक आजीविकाले व्यक्ति र समाजमा नैतिकताको महत्वलाई जोड दिन्छन् जसले समाजमा सकारात्मक व्यवहारको विकासमा मद्दत पुर्याउँछन्। यस्ता सिद्धान्तहरूले समाजमा विश्वास र सहिष्णुताको वातावरण सिर्जना गर्छ, जसले सामूहिक जीवनमा सद्भावना र सहयोगको भावना बढाउँछ। यी शिक्षाहरूको पालनले व्यक्तिलाई आध्यात्मिक उन्नतिमा पनि मद्दत गर्दछ। जब व्यक्ति सकारात्मक विचार र कर्ममा संलग्न हुन्छन्, तब तिनीहरूमा आन्तरिक शान्ति प्राप्त हुन्छ र सन्तोष पनि बढ्न सक्छ। आजको दिनमा जहाँ व्यक्तिहरूले सजिलैसँग असत्य, अनावश्यक कुरा र चुगलीको माध्यमबाट आफ्नो फाइदा खोज्न सक्छन्, बुद्धका यी शिक्षाहरूले तिनीहरूलाई सचेत गराउँछन् र नैतिक जीवनको मार्गमा अगाडि बढ्न प्रोत्साहित गर्दछन्।

समाजमा बौद्ध शील सहितको नैतिक अनुशासन तथा मानव संस्कृतिको निर्माण गर्न सक्ने हो भने सभ्य समाजको उदय सम्भव छ। यस्तो वातावरणमा विकासको मार्ग पनि छिटो, छरितो र सहज हुन्छ। यस प्रकारको अनुशासित मानव संस्कृतिको निर्माणको सन्दर्भमा सिगालोवाद सुत्त एक महत्त्वपूर्ण आधार ग्रन्थ हो। बुद्धले सिगालकलाई उनको पुर्खाको संस्कृतिको सम्मान गर्दै छ दिशा नमस्कारको माध्यमबाट समाजका सम्पूर्ण मानव स्रोतलाई कर्मपथ बोध गराउनु नै निष्ठावान् र अनुशासित मानव स्रोतको निर्माण गर्नु हो। यस्तो अनुशासित मानव स्रोतले निर्माण गरेको संस्कृति स्थायी र दिगो हुन्छ। एकपटक संस्कृति निर्माण भएपछि, समयानुसार यसको विस्तार भई मानव सभ्यतालाई सही मार्गतर्फ डोऱ्याउने दिशामा स्थापित गर्न सकिन्छ।

**सिगलोवाद सुत्तका आधारमा मानवश्रोत अभ्यासको प्रवर्धन**

कुनै पनि परिवारमा एक ज्ञानी र सभ्य सदश्य हुँदा जसरी उसको ज्ञान समस्त परिवारको लागि मार्गदर्शन बन्न सक्छ, त्यसरी नै समाजमा भएको असल मानवश्रोतले समस्त समाजलाई नै कल्याण पुऱ्याउन सक्छ । बौद्ध शिक्षा अनुसार मानिसहरू विशेष गरेर निम्न तीन अकुशल मूलका कारण गलत कर्मपथमा लाग्ने गर्छन्: लोभ, द्वेष र मोह (पियदस्सी १३)। यी अकुशल मूलहरू मानिसको मानसिकतासँग सम्बन्धित हुन्छन् । मनमा उपस्थित यस्ता अकुशल मूलहरूलाई बौद्ध विद्वान निर्मलानन्द गिरीले सैतानी उपस्थिति (Demon Attaindents) भनेका छन् (गिरि २७)। जबसम्म यस्तो अकुशल मानसिकताबाट मुक्त हुन सकिदैन, मान्छे अनुशासित हुन सक्दैन । तसर्थ, सबैभन्दा पहिला मनलाई शुद्ध पार्नु नै बौद्ध शिक्षाको प्रमुख सार हो । हरेक कार्यमा मन नै अग्रगामी भएकोले मनलाई बुझ्नु नितान्त आवश्यक छ (ज्ञवाली ३६-३७)। सारमा भन्नुपर्दा समस्त बौद्ध त्रिपिटकको सार नै मनको सुद्धिकरण हो (सुबेदी १३८)। मानसिक रुपमा शुद्ध र स्वस्थ जानशक्तिले मात्र समाज र राज्यमा सही र उचित कार्य गर्नसक्छ । मानसिक रुपमा विक्षिप्त वा लोभ, द्वेष र मोहले ग्रस्त जनशक्ति आफ्नो मानसिकता परिपूर्तिमा व्यस्त हुने भएकाले न त समाजको लागि राम्रा कार्य गर्न सक्छ नत विकासको मार्ग पहिल्याउन सक्छ । तसर्थ, मानव जनशक्तिलाई सहि संस्कृतिको धारामा

उभ्याई संस्कृति र मानव कर्तव्यको प्रतिकात्मक स्वरूपलाई अर्थपूर्ण तरिकाबाट बुझाउन सिगालोवाद सुत्त उचित ठहरिएको छ ।

बुद्धको शिक्षा उत्तम मानव संस्कृतिको पक्षपाती भएकोले स्वतः यसबाट ज्ञानवर्धक मानव स्रोतको सृजना हुन सक्छ । गृहपुत्र सिगालकलाई बुद्धले 'दिशा नमस्कार' संस्कृतिको यथार्थ ज्ञान र उक्त दिशाहरूसँग समाजका विविध वर्गका व्यक्तिहरूको प्रतीकात्मक सम्बन्ध देखाउँदै कर्तव्यहरूको यथोचित पालनाले समाजमा दिगो मानव संस्कृतिको विकास हुनसक्ने कुरा सिगालक सुत्तले बताएको छ ।

मनमा भय तथा निन्दा रहुन्जेल स्वच्छ जनशक्तिको निर्माण कल्पानामा मात्र सिमित रहन्छ । सिगलोवाद सुत्तका अनुसार मानिसमा भय अर्थात् निन्दा ६ दिशाबाट आउँछ, त्यसैले ती ६ दिशाबाट आउने भयलाई रोक्न सक्नुपर्छ (थापा ५८)। मानिसले सबैसँग आफूले गर्नुपर्ने कर्तव्य निर्वाह गरेमा यस प्रकारको भयबाट स्वतः मुक्ति पाउन सकिन्छ । बुद्धले तल उल्लेखित हरेक दिशाको अर्थसहित व्यक्तिहरूले गर्नुपर्ने र त्यससँग सम्बन्धित कर्तव्यको पनि देशना गरेका छन् (वज्राचार्य ४८४)।

मातापिता वा आमाबुबालाई पूर्व दिशा भनिन्छ (४९२)। छोराछोरी भन्दा पहिले यस लोकमा भएको र उनीहरूलाई सबभन्दा पहिले (पूर्व) उपकार, स्याहार-सम्भार गर्ने, लालनपालन गर्ने, संरक्षक बन्ने, शिक्षक हुने र मार्गदर्शक बन्ने व्यक्तिहरू मातापिता नै भएकाले उनीहरूलाई पूर्वदिशा भनिएको हो (थापा ५८)। आफ्नो अगिल्तिर मातापितालाई थापना गरेर उनीहरूको पुजा गरिन्छ जसले गर्दा मानिसले आफ्नो अगाडीबाट आउने भय र निन्दाबाट आफुलाई बचाउन सकोस् ।

दक्षिणदिशाको अर्थ आचार्य तथा गुरूजनहरू हो (वज्राचार्य ४९२)। विधिपूर्वक दक्षिणा ग्रहण गर्न योग्य भएका, फेरी कुमार-कुमारीहरूलाई द्वितीय अवस्थामा शिक्षा उपदेश दिई उपकार गर्ने, दाहिने हात जस्ता भएकाले आचार्य गुरूजनहरूलाई दक्षिणदिशा समान सम्झनु पर्ने हुन्छ (५९)। आफ्नो दाहिने तर्फ थापना गरेर

उनीहरूको पुजा गरिन्छ जसले गर्दा मानिसले आफ्नो दाहिने दिशाबाट आउने भय र निन्दाबाट आफुलाई बचाउन सकोस् (थापा ५८)।

पश्चिमदिशाको अर्थ पत्नी, पुत्र-पुत्रीहरू हो (वज्राचार्य ४९२)। गृही विनयानुसार आफ्नो पछिपछि लाग्नेलाई पश्चिमदिशा (पछिल्तिर) भनिन्छ (४३)। आफ्ना स्त्री, पुत्र-पुत्री, नाति-नातिनी आदिलाई पछिल्तिरको दिशा भनिन्छ । किनभने यिनीहरू आमाबाबुको पछि मात्रै जन्मेका र आमाबाबुकै पछि-पछि लाग्ने हुन्छन् अर्थात् आमाबाबुको अर्ती सुन्ने तथा उनीहरूले गरेर गएका सदाचारको अनुगमन गर्ने गर्छन् (थापा ५९)। आफ्नो पछिल्लो भागतर्फ थापना गरेर उनीहरूको पुजा गरिन्छ जसले गर्दा मानिसले आफ्नो पश्चिम दिशाबाट आउने भय र निन्दाबाट आफुलाई बचाउन सकियोस् ।

उत्तरदिशाको अर्थ हितचिन्तक मित्रहो (वज्राचार्य ४९२)। जीवनमा आवश्यक  परेको बेलामा साथ र सहयोग गर्ने भरपर्दो, विश्वासिलो व्यक्ति भएको हुनाले आर्य विनयमा कल्याण मित्रलाई उत्तरदिशा भनेको हो ( थापा ५९)। थापा अगाडी लेख्छन् कि उत्तरदिशा अनुसार सही वा साचो मित्र हुनलाई मित्रको सुख, शान्ति, प्रगति र कुशलताका लागि आफ्नो तर्फबाट कर्तव्य पूरा गर्नु भन्ने बुझिन्छ । आफ्नो बायाँ भागतर्फ थापना गरेर उनीहरूको पुजा गरिन्छ जसले गर्दा मानिसले आफ्नो उत्तर दिशाबाट आउने भय र निन्दाबाट आफुलाई बचाउन सकोस् ।

अधोदिशाको अर्थ नोकरचाकर वा सेवकहरू हो (वज्राचार्य ४९२)। लोकनीतिको आधारमा नोकरचाकरहरू, मालिकले अऱ्हाउँदा, पऱ्हाउँदा आज्ञा तामेल गरी निचासनमा बस्दछन्, त्यसैले तिनीहरूलाई अधोदिशा भनेको हो (अमृतानन्द ४३)। अधोदिशा भन्नाले रोजगारदाता (मालिक) ले श्रमिक (नोकर) प्रति गर्ने कर्तव्य र श्रमिक (नोकर) हरूले रोजगारदाता (मालिक) प्रति गर्ने कर्तव्य इमान्दारीपूर्वक पूरा गरेमा दुबैको सम्बन्ध, सहकार्य र समृद्धि बढेर जान्छ (थापा ६१)। आफ्नो तल्लो भागतर्फ थापना गरेर उनीहरूको पुजा

गरिन्छ जसले गर्दा मानिसले अधो दिशाबाट आउने भय र निन्दाबाट आफुलाई बचाउन सकोस् । उर्ध्वदिशाको अर्थ श्रमण र ब्राह्मण हो (वज्राचार्य ४९२)। ब्राह्मणको सन्दर्भमा *धम्मपदमा* यसरी उल्लेख गरिएको छः

*यस्स कायेन वाचाय, मनसा नत्थि दुक्कटं ।*

*संवुतं तीहि ठानेहि, तमहं ब्रुमि ब्राह्मणं ॥ (ज्ञवाली ५२०-२१)*

अर्थात् काय, वाक् र चित्त तीन वटै द्वारबाट पाप नगर्ने, तीन वटा विषयहरूमा संयमी व्यक्तिलाई नै म ब्राह्मण भन्दछु ।

भिक्षु अमृतानन्दका अनुसार, *"समितत्ताति समणो"* अर्थात् संसारमा प्रवाहित गर्ने संस्कारलाई शान्त गरिसकेकालाई श्रमण भनिन्छ भने *"संसार भयं इक्खतीति भिक्खु"* अर्थात् संसारको भयबाट निस्कन, मुक्त हुने इच्छा गर्नेलाई भिक्षु भनिन्छ । यवं रुपले ब्राह्मण, श्रमण र भिक्षुहरूलाई गृहस्थाश्रममा बसिरहेकाहरूले मान, आदर, पूजासत्कार गर्न योग्य भएको हुनाले र शीलादि, सदाचार धर्ममा साधारण मानिसहरू भन्दा उच्चस्थ भएका हुनाले उनीहरूलाई उर्ध्वदिशा भनेको हो। आफ्नो उर्ध्वदिशामा थापना गरेर उनीहरूको पुजा गरिन्छ जसले गर्दा मानिसले उर्ध्वदिशाबाट आउने भय र निन्दाबाट आफुलाई बचाउन सकोस् (४३) ।

श्रमण र भिक्षुहरूको यस परिभाषाले आध्यात्मिक उन्नतिलाई जोड दिएको छ । यसले मानिसलाई आफ्नो आन्तरिक संसारमा शान्ति र स्पष्टता प्राप्त गर्न प्रेरित गर्दछ जुन बाह्य संसारको महत्वपूर्ण आधार हो। यसले समाजमा उच्च नैतिक मापदण्ड र सदाचारको महत्तवलाई दर्शाउँछ। यिनीहरूलाई उर्ध्वदिशामा थापना गर्नाले मानिसहरूले सकारात्मक ऊर्जा र प्रेरणा प्राप्त गर्न सक्छन्। यसले उनीहरूलाई भय र निन्दाबाट बचाउन सक्छरसमाजमा नैतिकता र सद्भावको भावना बलियो बनाउँछ। आजको विश्वमा जहाँ भौतिकतामा मानिसहरू अल्भिरहेका छन्, बुद्धका विचारहरूले व्यक्तिलाई आत्म-चिन्तन र मानसिक शान्तिको खोजीमा प्रेरित गर्न सक्छ जुन मानसिक रुपमा स्वस्थ मानव जानशक्तिको बलियो आधार पनि हो। यस प्रकारले महामानव बुद्धले सनातन परम्पराबाट चल्दै आएको छ दिशा नमस्कारको संस्कृतिलाई गृहपुत्र सिगालकलाई

ज्ञान दिने क्रममा पुनर्वव्याख्या गरेका छन् ।उत्तम मानव संस्कृतिको निर्माणले सबै पक्षलाई समेट्न सक्छ भन्ने सन्दर्भमा सिगालोवाद सुत्त प्रष्ट पारेको छ । यस बाहेक भोगविनासका छ कारणहरू र तीनका पनि अलग-अलग दोसहरूका बारेमा पनि यस सुत्तमा बिस्तृत ब्याख्या गरिएको छ जुन मानव संस्कृतिको सबैभन्दा महत्वपूर्ण पाटो हो ।

## उपसंहार

परिवार, समाज र समुदायहरू मिलेर राष्ट्रको निर्माण हुन्छ । मानिसहरूको अस्तित्वबिना नत परिवार, नत  समाज, नत राष्ट्रको नै कल्पना गर्न सकिन्छ । तसर्थ, मानिस नै सबै कुराको केन्द्रबिन्दु हो । संस्कृतिको निर्माण मानिस स्वयंले गरेको हुन्छ र ऊ स्वयम् यसैबाट निर्देशित पनि हुन्छ । त्यसैले संस्कृतिको सम्मान गर्नु जरुरी हुन्छ । समय सापेक्ष नभएका संस्कृतिहरूलाई सुधार गर्दै समय सापेक्ष संस्कृतिको स्थापनासमेत गर्नु आवश्यक हुन्छ । संस्कृतिले मानिसलाई स्थायित्व प्रदान गर्दछ । समयानुकुल संस्कृतिले आवश्यक र उचित मानवश्रोत निर्माण गर्न सहयोग पुऱ्याउँछ ।बौद्ध शीलको पालनाले अनुशासित मानवश्रोतको निर्माण हुन्छ भने उचित संस्कृतिको विकासले उक्त मानवश्रोतलाई स्थायित्व प्रदान गर्दछ ।

## सन्दर्भ सामाग्री


अनुशन्धान केन्द्र, लुम्बिनी बौद्ध विश्वविद्यालय, *बौद्ध दर्शन,* प्रदेश सरकार, लुम्बिनी प्रदेश, वि. स. २०७८ ।

अमृतानन्द, *गृही-विनय,* अनु., नेपाल बौद्ध परियत्ति शिक्षा, २०१५ ।

के. सी., नरेश, "बौद्ध विधिशास्त्रमा पन्चशीलः शान्ति र समृद्धिको अस्त्र", *कल्याणमित्र संदेश,* वर्ष २, अंक २, वि. स. २०७७, पेज ४५-४९ ।

कौसल्यायन, आनन्द, सम्पादक, *अङ्गुत्तर निकाय,* खण्ड १, सम्यक प्रकाशन, २०१३ ।

गिरी, निर्मलानन्द, *धम्मपदको टिप्पणी,* आत्म ज्योति आश्रम, २०१०।

घिमिरे, पशुपति, *बुद्धवादका तीन आयाम,* बुद्धिसागर घिमिरे, तारादेवी घिमिरे, २०१३ ।

ज्ञवाली, नारायण, *धम्मपदः सन्दर्भ, शब्दार्थ र भावार्थ सहित नेपालीमा पद्धानुवाद,* जनता प्रसारण तथा प्रकाशन लिमिटेड, वि. स. २०७५ ।

थापा, कमल, *सिगालोवाद सुत्तः ६ दिशा नमस्कारको सामाजिक महत्वको अध्ययन,* वि. स. २०७६, लुम्बिनी बौद्ध विश्वविद्यालय, स्नातकोत्तर शोधपत्र ।

दयानिधि, *आधारभूत बौद्ध दर्शन,* लुम्बिनी अनुसन्धान केन्द्र, वि. स. २०८१ ।

नेउपाने, फणिन्द्र कुमार, "सर्वोदय श्रमदानः उत्पत्ति, गतिविधिहरू, र श्रीलंकामा ए. टी. आर्यरत्ने द्वारा विकसित सर्वोदय श्रमदान आन्दोलनमा बुद्धका शिक्षाहरू," आधुनिक युगमा बौद्ध धर्म, चैत्र २५, बि. स.२०७०, लुम्बिनी बौद्ध विश्वविद्यालय, केन्द्रीय क्याम्पस।

पौड्याल, शारदा, "सिगालोवाद सुत्तः बुद्धाज टिचिंग्स फर एन आइडियल सोसाइटी", लुम्बिनी प्रभा, भाग ५, २०२०, पेज ४६-५३ ।

बादल, बि. पी., "बुद्धिस्ट हर्मिन्युटिक्सः एन एनालिसिस अफ धम्मपद इन सस्टेनेबल डिभेलपमेन्ट," *रिसर्च नेपाल जर्नल अफ डिभेलपमेन्ट स्टडिज,* भाग ४, नं. १, २०२१, पेज २७-४३ ।

*ब्रिटानिका रिफरेन्स इनसाइक्लोपेडिया,* इनसाइक्लोपेडिया ब्रिटानिका, २०१३ ।

बोधी, *इन द बुद्धाज वड्र्सः एन एन्थोलोजी अफ डिस्कोर्सेस फ्रम द पालि क्यानन,* विस्डम पब्लिकेसन, २००५ ।

*मेरियम वेब्स्टर कलेजियट डिक्स्नरी,* इनसाइक्लोपेडिया ब्रिटानिका, २००१ ।

ला., ऊ. जा. ति., "एन एनालाईटिकल स्टडी अफ बुद्धिस्ट सोसल रोल्स अफ

वज्राचार्य, दुण्डबहादुर, *दीघनिकाय,* अनु., पवित्रबहादुर वज्राचार्य, अशोकरत्न वज्राचार्य, हीरादेवी

वज्राचार्य, २००० ।

वीररत्ने, डब्लु. जी., प्रमुख सम्पादक, *बौद्ध धर्मको विश्वकोष,* खण्ड ८, सूचना तथा प्रसारण मन्त्रालय, भारत सरकार, १९५६।

सिटिजन बेस्ड अन सिगलोवाद सुत्त", *द जर्नल अफ इन्टरनेसनल एसोसियसन अफ बुद्धिस्ट युनिभर्सिटीज्* (JIABU), भाग ११, नं. २, २०१८, पेज २००-२१८ ।

सुबेदी, मन्जिल, "माइन्ड इन बुद्धिजमः एक्सप्लोरिंग इट्स रिलेभेन्सी विद निउरोसाइन्स", *लुम्बिनी प्रभा,* भाग ५, २०२०, पेज १३८-४८ ।

शाक्य, देवेन्द्रराज, *थेरवाद बुद्धधर्म,* लालमणि पोखेल, कृष्ण कुमारी पोखेल, २०१५ ।

श्रेष्ठ, सानु कुमार, "द सिगालोवाद सुत्त फर इफेक्टिभ गभरनान्स", *लुम्बिनी प्रभा,* भाग ९, २०२४, पेज १३९-४६ ।

## अनलाइन सामाग्री

"Nitish Bharadwaj Speaking at Rotary District Conference." *YouTube,* uploaded by Prasad Kulkarni, 18 February 2014, www.youtube.com/watch?v=9EXYniJPcd8.

Piyadassi,Thera. "The Psychological Aspect of Buddhism." The Fifth Sir Baron Jayatilaka Memorial Lecture Delivered on the 13th of February, 1972, Buddhist Publication Society, Colombo. Lecture. what-buddha-said.net/library/Wheels/wh179.pdf. Accessed on 3 December 2022.